# नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित


## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

**(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)**

केन्द्रीय कार्यालय भगवतीबहाल, नक्साल, काठमाण्डौ नेपाल, फोन नं. ०१-४४१३८४०/४४१३७९४


## कार्यालय प्रयोजनको लागि जग्गा खरिद गर्ने बारेको सूचना

**(सूचना प्रकाशित मिति २०७६/०४/२३ गते)**

यस संस्थालाई तपसिलमा उल्लेख भए बमोजिमको जग्गा खरिद गर्न आवश्यक भएकोले एक कट्ठादेखि डेढ कट्ठासम्म खाली जग्गा बिक्री गर्न ईच्छुक व्यक्ति/संस्था (जग्गाधनी) हरूबाट निम्न शर्त बन्देजहरूको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा देहायका विवरणहरू स्पष्ट खुलाई जग्गा बिक्रीको मुल्य समेत उल्लेख गरी आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**स्थानः** महोत्तरी जिल्ला, बर्दीबास नगरपालिकाको बर्दीबास बजार क्षेत्रमा महेन्द्र राजमार्गको ५०० मिटर दुरी वरपर, मूल सडक वा भित्री (६ मिटर) सडकमा जोडिएको जग्गा । वा बर्दीबास बजार क्षेत्रमा वि.पि. राजमार्गको ५०० मिटर दुरी वरपर, मूल सडक वा भित्री (६ मिटर) सडकमा जोडिएको जग्गा ।

**क्षेत्रफलः** एक कट्ठादेखि डेढ कट्ठासम्म (०–१–० देखि ०–१–१० सम्म) ।

**शर्त तथा बन्देज :**

१. जग्गा रहेको स्थान नदी, ईन्धन केन्द्र/भण्डारण क्षेत्र, रसायनिक र रंग कारखाना आदिबाट कम्तीमा ५०० मिटर टाढा भएको, जग्गाभित्रबाट High Tension Wire प्रवाह नभएको एवं सडक विस्तार योजनामा पर्ने भए विस्तारमा पर्ने जग्गा घटाएर प्रस्ताव गर्नुपर्ने ।

२. प्रस्तावित जग्गाको सम्बन्धमा कुनै प्रकारको मुद्दा मामिला, विवाद, झै-झगडा, गुठी, मोही आदि नभएको तथा नेपाल सरकारले जग्गा सम्बन्धी तोकिएको सम्पूर्ण मापदण्डहरू पुरा भएको हुनुपर्नेछ ।

३. जग्गाको दरभाउ अंक र अक्षरमा अनिवार्य रूपमा लेख्नुपर्नेछ । दरभाउ अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दरभाउ मान्य हुनेछ ।

४. शिलबन्दी बोलपत्रमा निम्न लिखित कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।
   - क. जग्गाधनी दर्ता प्रमाण पुर्जाको फोटोकपी ।
   - ख. जग्गाधनीको नागरिकताको फोटोकपी वा फर्म र कम्पनी भए दर्ता प्रमाणपत्र तथा संचालक समितिको निर्णय र करचुक्ता प्रमाणपत्र ।
   - ग. तिरो तिरेको अद्यावधिक रसिद र चार किल्ला प्रमाणित पत्रको फोटोकपी ।
   - घ. जग्गाको कित्ता नं. स्पस्ट देखिने ब्लूप्रिन्ट, ट्रेस नक्शा, Location Map ।
   - ङ. प्रस्तावित जग्गाको चौतर्फी फोटो ।

५. शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर जग्गा खरिद सम्बन्धी बोलपत्र प्रस्ताव प्रष्ट रूपमा लेखी मिति २०७६/०५/०५ गते दिनको ५:०० बजेभित्र यस संस्थाको सामान्य सेवा विभाग, केन्द्रीय कार्यालय भगवतीबहाल, नक्साल, काठमाण्डौ वा यस संस्थाको क्षेत्रीय कार्यालय बर्दीबास, महोत्तरी (फोन नं. ०४४-५५०४८४/५५०४८५) मा आइपुग्ने गरी बुझाउनु पर्नेछ ।

६. प्राप्त बोलपत्र यस संस्थाको केन्द्रीय कार्यालय भगवतीबहाल, नक्साल, काठमाण्डौमा मिति २०७६/०५/१३ गते अपरान्ह ३:०० बजे जग्गाधनी वा निजले तोकेको प्रतिनिधीको उपस्थितिमा खोलिनेछ । बोलपत्र बुझाउनु पर्ने दिन वा बोलपत्र खोल्ने दिन कुनै सार्वजनिक बिदा परेमा सोको भोली पल्ट उक्त कार्य गरिनेछ । बोलपत्र खोलिने समयमा जग्गाधनीको अनुपस्थितिले मात्र बोलपत्र खोल्न कुनै बाधा पुगेको मानिने छैन ।

७. म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. एक वा एक भन्दा बढी जग्गाधनीहरूले संयुक्त रूपमा पनि प्रस्ताव पेश गर्न सक्नेछन् ।

९. कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने वा छनौटमा परेका प्रस्ताव उपर पुनः नेगोसिएशन गर्ने वा थप शर्त बन्देज लगाउने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ । साथै, अस्वीकृत प्रस्तावको कारण दिन संस्था बाध्य हुने छैन ।